# अवैतनिक वाणिज्यदूत सम्बन्धी नियमावली, २०३९

राजपत्रमा प्रकाशित मिति

२०३९।९।१२

**संशोधन**

अवैतनिक वाणिज्यदूत सम्बन्धी (पहिलो संशोधन) नियमावली, २०६१ २०६१।११।१७

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१३ को दफा २ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ :-

## परिच्छेद - १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरूको नाम "अवैतनिक वाणिज्यदूत सम्बन्धी नियमावली, २०३९" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो नियमावलीमा,-

(क) "मन्त्रालय" भन्नाले नेपाल सरकारको परराष्ट्र मन्त्रालय सम्झनु पर्छ।

(ख) "मन्त्री" भन्नाले नेपाल सरकारको परराष्ट्र मन्त्री सम्झनु पर्छ।

(ग) "राजदूत" भन्नाले कुनै मित्रराष्ट्रका लागि नियुक्त भएका नेपाली राजदूत सम्झनु पर्छ।

✚(घ) "वाणिज्य क्षेत्र" भन्नाले वाणिज्य सम्बन्ध सम्बन्धी काम गर्न नेपाल सरकारले अवैतनिक वाणिज्यदूतलाई तोकेको कुनै राष्ट्रको कुनै क्षेत्र सम्झनु पर्छ।

✚(ङ) "अवैतनिक वाणिज्यदूत" भन्नाले कुनै किसिमको पारिश्रमिक नपाउने गरी नियुक्ति हुने वाणिज्यदूत तथा महावाणिज्यदूत सम्झनु पर्छ र सो शब्दले उपवाणिज्यदूतलाई समेत जनाउनेछ।

(च) "नियुक्तिपत्र" भन्नाले कुनै राष्ट्रका राष्ट्राध्यक्ष वा सम्बन्धित अन्य पदाधिकारीले कुनै व्यक्तिलाई अवैतनिक वाणिज्यदूत भई काम गर्न दिएको पत्र (लेटर अफ कमिशन) लाई सम्झनु पर्छ।

---

✚ पहिलो संशोधनद्वारा थप।

(छ) "स्वीकृतिपत्र" भन्नाले नियुक्तिपत्र पाएका अवैतनिकवाणिज्यदूतलाई वाणिज्यक्षेत्रस्थित राष्ट्रका राष्ट्राध्यक्ष वा सम्बन्धित अन्य पदाधिकारीबाट अवैतनिक वाणिज्यदूतको रूपमा मान्यता दिएको पत्र (एक्जक्वेटर) सम्झनु पर्छ ।

(ज) "महासन्धि" भन्नाले १९६३ मा भियनामा बसेको संयुक्त राष्ट्रसंघको वाणिज्यसम्बन्धी सम्मेलनले पारित गरेको महासन्धि (भियना कन्भेन्सन अफ कन्सुलर रिलेशन्स, १९६३) सम्झनु पर्छ ।

✚(झ) "स्वीकार गर्ने राज्य (रिसीभिङ्ग स्टेट)" भन्नाले यस नियमावली बमोजिम नियुक्ति भएको अवैतनिक वाणिज्यदूत रहने मुलुक सम्झनु पर्छ ।

## परिच्छेद-२

## नियुक्ति

❶३. **अवैतनिक वाणिज्यदूतको नियुक्ति** : (१) नेपाल सरकारले राजदूतको सिफारिसमा अवैतनिक वाणिज्यदूत नियुक्ति गर्नेछ ।

(२) उपनियम (१) बमोजिम नियुक्त भएको व्यक्तिले प्रशंसनीय काम गरेको छ भन्ने कुरा नेपाल सरकारलाई लागेमा राजदूतको सिफारिसमा दुई वर्ष पछि निजलाई अवैतनिक महावाणिज्यदूतमा नियुक्ति गर्न सकिनेछ ।

(३) अवैतनिक महावाणिज्यदूत वा अवैतनिक वाणिज्यदूतले आफ्नो वाणिज्य क्षेत्रमा अवैतनिक उपवाणिज्यदूत नियुक्ति गर्न आवश्यक भएको कारण देखाइ नेपाल सरकार समक्ष अनुरोध गरेमा राजदूतको सिफारिसमा अवैतनिक उपवाणिज्यदूत नियुक्ति गर्न सकिनेछ ।

(४) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायका आधारमा कुनै व्यक्तिलाई पहिलो पटक नै अवैतनिक महावाणिज्यदूत पदमा नियुक्ति गर्न उपयुक्त भएको सिफारिस राजदूतबाट प्राप्त भएमा नेपाल सरकारले त्यस्तो व्यक्तिलाई पहिलो पटक नै अवैतनिक महावाणिज्यदूतमा नियुक्ति गर्न सक्नेछ :-

(क) स्वीकार गर्ने राज्यमा निजले प्राप्त गरेको ख्याति वा प्रतिष्ठा,

(ख) नेपालप्रति निजको सद्भावना,

✚ पहिलो संशोधनद्वारा थप ।
❶ पहिलो संशोधनद्वारा संशोधित ।

(ग) नेपाल र स्वीकार गर्ने राज्य बीच सरकारी वा गैर सरकारी क्षेत्रमा आर्थिक तथा व्यापारिक सम्बन्ध अभिवृद्धि गर्न निजले पुर्‍याएको योगदान,

(घ) नेपालको सम्बन्धमा निजले गरेको अध्ययन वा अनुसन्धान र निजको नामबाट प्रकाशित कृतिको स्तर,

(ङ) स्वीकार गर्ने राज्य वा अन्तर्राष्ट्रिय मञ्च वा समुदायमा नेपालको प्रतिष्ठा वा छवि प्रवर्धन गर्न निजले पुर्‍याएको योगदान ।

✚३क. **अवैतनिक वाणिज्यदूतको योग्यता** : नियम ३ बमोजिम अवैतनिक वाणिज्यदूतमा नियुक्ति हुने व्यक्तिको योग्यता देहाय बमोजिम हुनु पर्नेछ :-

(क) पच्चीस वर्ष उमेर पूरा भएको,

(ख) कुनै व्यापार, व्यवसाय वा पेशामा संलग्न रही स्वीकार गर्ने राज्यमा ख्याति प्राप्त व्यक्तिको हैसियत भएको,

(ग) उच्च नैतिक चरित्र भएको,

(घ) नेपालप्रति सद्भावना भएको ।

४. **अयोग्यता** : साधारणतया नियुक्त हुने वाणिज्यक्षेत्रस्थित राष्ट्रको नागरिक बाहेक अन्य राष्ट्रको नागरिकलाई अवैतनिक वाणिज्यदूत नियुक्त गरिने छैन ।

तर अन्य राष्ट्रले अवैतनिक वाणिज्यदूत नियुक्त गरिसकेको अन्य राष्ट्रको नागरिकलाई भने अवैतनिक वाणिज्यदूत नियुक्ति गर्न सकिनेछ ।

५. **कार्यविधि** : अवैतनिक वाणिज्यदूतहरूको नियुक्ति महासन्धिको प्रथम अध्यायको प्रथम खण्डको धारा ९, १०, ११, १२, १३ र १४ मा उल्लेखित कार्यविधि अनुसार गर्नु पर्नेछ ।

६. **नियुक्तिपत्र** : अवैतनिक वाणिज्यदूतलाई साधारणतया मन्त्रीबाट नियुक्तिपत्र प्रदान हुनेछ ।

७. **कार्यावधि** : (१) अवैतनिक वाणिज्यदूतको कार्यावधि ४ वर्षको हुनेछ ।

तर अवैतनिक वाणिज्यदूतले सन्तोषप्रद काम गरेको छैन भनी सम्बन्धित राजदूतले सिफारिस गरेमा त्यस्तो वाणिज्यदूतलाई चार वर्षको अवधि पूरा नहुँदै पनि जुनसुकै बखत नेपाल सरकारले हटाउन सक्नेछ ।

✚ पहिलो संशोधनद्वारा थप ।

(२) कुनै अवैतनिक वाणिज्यदूतले प्रशंसनीय काम गरेको छ भनी राजदूतको सिफारिस प्राप्त भएमा र त्यस्तो सिफारिसमा मन्त्रीको सहमति भएमा नेपाल सरकारले त्यस्ता अवैतनिक वाणिज्यदूतको चार वर्षको अर्को एक अवधि थप गर्न सक्नेछ।

✂............

८. ☒..........

९. **<u>सेवाका शर्तहरू</u>** : (१) अवैतनिक वाणिज्यदूत नियुक्त भएपछि राजदूतले नवनियुक्त वाणिज्यदूतलाई निजको कर्तव्य र उत्तरदायित्वबारे पूर्णरूपले बोध गराईदिनु पर्नेछ।

(२) नवनियुक्त अवैतनिक वाणिज्यदूतबाट आफ्नो पद नसुहाउँदो र नेपालको अहित हुने कुनै काम गर्ने छैन भन्ने व्यहोराको लिखत गराइ सो लिखत राजदूतले मन्त्रालयमा पठाउनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम लिखत गराइसकेपछि मात्र राजदूतले नवनियुक्त अवैतनिक वाणिज्यदूतलाई नियुक्तिपत्र, राष्ट्रिय झण्डा र कार्यालयको छाप प्रदान गर्नेछ।

✚(३क) अवैतनिक वाणिज्यदूतले आफू नियुक्ति भएको वाणिज्य क्षेत्रको उपयुक्त स्थानमा स्वीकार गर्ने राज्यको स्वीकृति लिई नेपालको अवैतनिक वाणिज्यदूतको कार्यालय खडा गरी सोको जानकारी राजदूत तथा मन्त्रालयलाई दिनु पर्नेछ र त्यस्तो कार्यालय भवनमा निजले नेपालको झण्डा प्रयोग गर्न सक्नेछ।

(४) अवैतनिक वाणिज्यदूतको कार्यावधि समाप्त भएपछि निजले राष्ट्रिय झण्डा र कार्यालयको छाप राजदूतलाई फिर्ता गर्नु पर्नेछ।

## परिच्छेद - ३

## <u>काम, कर्तव्य, जिम्मेवारी र मूल्याङ्कन</u>

१०. **<u>अवैतनिक वाणिज्यदूतको काम, कर्तव्य र जिम्मेवारी</u>** : (१) अवैतनिक वाणिज्यदूतको काम, कर्तव्य र जिम्मेवारी महासन्धिको प्रथम अध्यायको प्रथम खण्डको धारा ५ मा उल्लेख भए बमोजिम हुनेछ।

---

✂ पहिलो संशोधनद्वारा झिकिएको।

☒ पहिलो संशोधनद्वारा खारेज।

✚ पहिलो संशोधनद्वारा थप।

नेपाल कानून आयोग

+(१क) उपनियम (१) को सर्वसामान्यतामा प्रतिकूल असर नपर्ने गरी अवैतनिक वाणिज्यदूतले स्वीकार गर्ने राज्यको कानूनको अधीनमा रही देहायका काम गर्नु पर्नेछ :-

(क) नेपाल र स्वीकार गर्ने राज्यबीच द्विपक्षीय व्यापार प्रवर्द्धन गर्न वस्तु व्यापारका नयाँ क्षेत्रको पहिचान गरी मन्त्रालय र सरकारी तथा गैर सरकारी क्षेत्रका सम्बद्ध निकायलाई जानकारी गराउने,

(ख) नेपालभित्र प्रत्यक्ष वैदेशिक लगानी गराउन वा बढाउन आवश्यक काम गर्ने,

(ग) स्वीकार गर्ने राज्यभित्र वैदेशिक रोजगारका अबसर भए सोको पहिचान गरी मन्त्रालयलाई जानकारी गराउने र नेपालको जनशक्तिलाई स्वीकार गर्ने राज्यमा रोजगारी उपलब्ध गराउन आवश्यक पहल गर्ने,

(घ) स्वीकार गर्ने राज्य वा अन्य मुलुकका नागरिकलाई नेपाल भ्रमण गर्न प्रोत्साहन गरी नेपालको पर्यटन विकासलाई प्रवर्द्धन गर्ने,

(ङ) स्वीकार गर्ने राज्यमा अति कम विकसित वा विकासोन्मुख मुलुकको सम्बन्धमा कुनै वस्तुको सहुलियतपूर्ण प्रवेशको व्यवस्था भए त्यस्तो प्रवेश नेपाली वस्तुको हकमा लागू गर्न वा सोको परिमाण बढाउन स्वीकार गर्ने राज्यसँग पहल गर्न राजदूतलाई अद्यावधिक रूपमा परामर्श दिने,

(च) नेपाल र स्वीकार गर्ने राज्यबीच आर्थिक, व्यापारिक, सांस्कृतिक तथा वैज्ञानिक सम्बन्ध तथा सहयोगको अभिवृद्धिका लागि गर्नुपर्ने कारवाहीको बारेमा राजदूतलाई जानकारी गराइ सो सम्बन्धमा आवश्यक परामर्श दिने,

(छ) स्वीकार गर्ने राज्यमा रहेका गैर आवासीय नेपाली तथा तिनीहरुको कुनै प्रतिनिधि संस्था भए त्यस्तो संस्थासँग नियमित सम्पर्कमा रही नेपालको सामाजिक तथा आर्थिक विकासमा निजहरुलाई संलग्न गराउन आवश्यक पहल गर्ने,

+ पहिलो संशोधनद्वारा थप ।

नेपाल कानून आयोग

(ज) नेपालमा रहेका निजी क्षेत्रका उद्योग, वाणिज्य वा पर्यटन क्षेत्रका प्रतिनिधि संस्था र स्वीकार गर्ने राज्यका त्यस्ता संस्था बीच सम्पर्क बिन्दूको रूपमा काम गर्ने,

(झ) स्वीकार गर्ने राज्यमा उपलब्ध कुनै क्षेत्रको अत्याधुनिक प्रविधि नेपाल भित्र्याउन आवश्यक भएमा सो सम्बन्धमा राजदूतसंग परामर्श गरी आवश्यक पहल गर्ने,

(ञ) नेपाल र स्वीकार गर्ने राज्यबीच आर्थिक, वाणिज्य, सांस्कृतिक वा विज्ञान तथा प्रविधिको क्षेत्रमा आपसी सहयोग बढाउन नेपाल सरकारले तोकेको अन्य कुनै काम गर्ने ।

❶(२) अवैतनिक वाणिज्यदूतले नेपाल अधिराज्यको परराष्ट्र, आर्थिक, वाणिज्य, औद्योगिक, पर्यटन, वैदेशिक रोजगार तथा वैदेशिक लगानी सम्बन्धी नीतिको अध्ययन गरी सोको जानकारी स्वीकार गर्ने राज्यमा सरोकार राख्ने व्यक्ति वा संस्थालाई गराउनु पर्नेछ ।

✚(२क) अवैतनिक वाणिज्यदूतले उपनियम (२) को प्रयोजनका लागि स्वीकार गर्ने राज्यका व्यापार, वैदेशिक रोजगारदाता तथा गैर आवासीय नेपाली तथा सम्बन्धित क्षेत्रका प्रतिनिधिहरुसंग आवश्यकता अनुसार छलफल, भेटघाट र परामर्श बैठक गर्न सक्नेछ ।

(३) आफू नियुक्त भएको वाणिज्यक्षेत्र वा त्यसक्षेत्र रहेको जिल्ला वा त्यस क्षेत्र रहेको प्रदेश वा त्यस क्षेत्र रहेको राष्ट्र र नेपालबीच व्यापार प्रवर्द्धन गर्न राजदूतसँग सरसल्लाह गरी आवश्यक कार्य गर्नु अवैतनिक वाणिज्यदूतको विशेष कर्तव्य हुनेछ ।

तर राजदूतको पूर्व स्वीकृति नलिईकन आफू नियुक्त भएको राष्ट्रको सम्बन्धित पक्षसँग व्यापार प्रबर्द्धन विषयमा कुराकानी शुरु गर्न पाउने छैन ।

(४) उपनियम (३) बमोजिमको विषयमा भएको प्रगति प्रतिवेदन अवैतनिक वाणिज्यदूतले प्रत्येक तीन महिनामा राजदूतलाई पठाउनु पर्नेछ र राजदूतले पनि आफूले प्राप्त गरेको प्रतिवेदन मन्त्रालयमा पठाउनु पर्नेछ ।

❶(५) अवैतनिक वाणिज्यदूतले नेपाल भ्रमण गर्न चाहने विदेशीलाई नेपाल सरकारले समय समयमा तोकेको भिसा दस्तुर लिई पर्यटक भिसा प्रदान गर्न सक्नेछ ।

नेपाल कानून आयोग

---
❶ पहिलो संशोधनद्वारा संशोधित ।
✚ पहिलो संशोधनद्वारा थप ।

तर वाणिज्य क्षेत्र रहेका मुलुकका पूर्व राष्ट्राध्यक्ष, पूर्व सरकार प्रमुख, पूर्व परराष्ट्र मन्त्री, ख्याति प्राप्त तथा प्रतिष्ठित व्यक्ति वा पूर्व अवैतनिक वाणिज्यदूतलाई मन्त्रालय वा राजदूतको पूर्व स्वीकृति लिई निःशुल्क (ग्याटिस) भिसा प्रदान गर्न सक्नेछ ।

(६) अवैतनिक वाणिज्यदूतले भिसा प्रदान गर्दा प्राप्त भएको राजश्वको फाँटवारी प्रत्येक महिनाको अन्त्यमा राजदूतलाई पठाउनु पर्नेछ ।

❶(७) अवैतनिक वाणिज्यदूतले उपनियम (६) बमोजिम प्राप्त हुन आउने रकममा सेवा शुल्क बापत बीस प्रतिशत थप रकम लिन सक्नेछ र त्यसरी प्राप्त गरेको थप रकम निजले कार्यालय सञ्चालन, व्यापार तथा पर्यटन प्रवर्धनात्मक कार्यमा समेत खर्च गर्न सक्नेछ ।

✚(७क) अवैतनिक वाणिज्यदूतले उपनियम (६) बमोजिम प्राप्त हुने रकम प्रत्येक तीन महिनामा राजदूतलाई बुझाउनु पर्नेछ र राजदूतले त्यसरी प्राप्त भएको रकम आफू वहाल रहेको राजदूतावासको राजश्व खातामा आम्दानी बाँधी सोको जानकारी मन्त्रालयलाई दिनु पर्नेछ ।

(८) नेपालबाट भ्रमणमा आएका विशिष्ट व्यक्तिहरूलाई राजदूतको निर्देशानुसार अवैतनिक वाणिज्यदूतले हरसम्भव सबै किसिमको मद्दत, सुहाउँदो सम्मान र आवश्यक सहयोग दिनु पर्नेछ ।

(९) अवैतनिक वाणिज्यदूतको हैसियतले विभिन्न व्यक्तिहरूसँग औपचारिक भेटघाट वा शिष्टाचार भेटको बखतमा भएको कुराकानीको प्रतिवेदन तयार पारी निजले राजदूतलाई पठाउनु पर्नेछ र राजदूतले यस्तो प्रतिवेदन मन्त्रालयमा पठाउनेछ ।

❶११. **अवैतनिक वाणिज्यदूतको कार्य सम्पादन मूल्याङ्कन** : (१) राजदूतले प्रत्येक आर्थिक वर्षको पहिलो तीन महिनाभित्र अवैतनिक वाणिज्यदूतको कार्य सम्पादनको स्तर मूल्यांकन गरी नेपाल सरकारमा पठाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम कार्य सम्पादनको स्तर मूल्याङ्कन गर्दा देहायका कुरालाई आधार लिइनेछ :-

(क) निजले एक वर्षमा सम्पादन गरेको कामको समग्र विवरण,

❶ पहिलो संशोधनद्वारा संशोधित ।
✚ पहिलो संशोधनद्वारा थप ।

नेपाल कानून आयोग

(ख) भिसा जारी गर्दा प्राप्त गरेको दस्तुरको रकम र नेपाल सरकारलाई सो बापत प्राप्त भएको राजश्वको परिमाण,

(ग) यस नियमावली बमोजिम निजले पठाउनु पर्ने प्रतिवेदन,

(घ) नेपालमा भ्रमण गर्ने पर्यटक प्रति निजले गरेको व्यवहार, र

(ङ) वाणिज्य क्षेत्रमा भ्रमण गर्ने नेपाली नागरिक प्रति निजले देखाएको व्यवहार ।

(३) उपनियम (१) बमोजिम कार्य सम्पादनको स्तर मूल्याङ्कन गर्दा उत्कृष्ट देखिएको अवैतनिक वाणिज्यदूतलाई नेपाल सरकारले उपयुक्त ठहराए बमोजिम सम्मान गर्न सक्नेछ र कार्य सम्पादनको स्तर सन्तोषजनक नदेखिएको अवैतनिक वाणिज्यदूतलाई नेपाल सरकारले पुनर्नियुक्ति नगर्न सक्नेछ ।

## परिच्छेद - ४

## नेपालमा मित्रराष्ट्रद्वारा अवैतनिक वाणिज्यदूतमा नियुक्ति

१२. **मित्रराष्ट्रद्वारा नियुक्ति** : (१) कुनै मित्रराष्ट्रले चाहेमा नेपालको वाणिज्यक्षेत्रमा अवैतनिक वाणिज्यदूत नियुक्त गर्न सक्नेछ ।

(२) अवैतनिक वाणिज्यदूतको नियुक्ति महासन्धिमा उल्लेखित कार्यविधि तथा शर्त अनुसार मात्र गर्न सकिनेछ ।

१३. **सुविधा र उन्मुक्तिमा बन्देज** : महासन्धिमा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै मित्रराष्ट्रले कुनै नेपाली नागरिकलाई नेपालको कुनै वाणिज्यक्षेत्रमा अवैतनिक वाणिज्यदूत नियुक्त गरेमा त्यस्ता अवैतनिक वाणिज्यदूतलाई [❶]दिइने सुविधा, सहुलियत र उन्मुक्ति महासन्धिको धारा ७१ को अधीनमा रही नेपाल सरकारले निर्णय गरे बमोजिम हुनेछ ।

१४. **स्वीकृतिपत्र** : कुनै मित्रराष्ट्रबाट नेपालको वाणिज्यक्षेत्रमा नियुक्त भएका अवैतनिक वाणिज्यदूतलाई साधारणतया मन्त्रीबाट स्वीकृतिपत्र प्रदान गर्नेछ ।

## परिच्छेद - ५

## विविध

१५. **महासन्धि बमोजिम हुने** : अवैतनिक वाणिज्यदूतका सम्बन्धमा महासन्धि सम्पूर्ण रूपले अनुशरण गरिनेछ ।

---

❶ पहिलो संशोधनद्वारा संशोधित ।

तर नेपाली नागरिक नेपालको वाणिज्यक्षेत्रमा कुनै मित्रराष्ट्रद्वारा अवैतनिक वाणिज्यदूत नियुक्त भएमा त्यस्तो अवैतनिक वाणिज्यदूतको सुविधा र उन्मुक्तिको हकमा नियम १३ बमोजिम हुनेछ ।

+१५क. **परामर्श बैठक बोलाउन सक्ने** : (१) राजदूतले आफू नियुक्ति भएको मुलुक वा मुलुकहरुमा नियुक्त अवैतनिक वाणिज्यदूतहरुको परामर्श बैठक समय समयमा बोलाउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम बोलाइएको बैठकमा नेपाल र अवैतनिक वाणिज्यदूत नियुक्ति भएको वाणिज्य क्षेत्रबीच आर्थिक, व्यापारिक, वाणिज्य, सांस्कृतिक तथा विज्ञान तथा प्रविधि सम्बन्धी सम्बन्धको समीक्षा गर्नु पर्नेछ ।

(३) राजदूतले उपनियम (२) बमोजिम भएको समीक्षाको प्रतिवेदन मन्त्रालयमा पठाउनु पर्नेछ ।

१६. **खारेजी** : अवैतनिक वाणिज्यदूतहरूका सम्बन्धमा भईरहेको यसअघिका सबै निर्णयहरू खारेज गरिएका छन् ।

नेपाल कानून आयोग

+ पहिलो संशोधनद्वारा थप ।